# स्थानीय राजपत्र


## रघुगंगा गाउँपालिकाद्वारा प्रकाशित

खण्डः १० मौवाफाँट, म्याग्दी, भदौ २६ गते, २०८३ साल


# भाग-२

## रघुगंगा गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय

रघुगंगा गाउँपालिकाको कार्यपालिकाले पारित गरेको तल लेखिए बमोजिमको कार्यविधि स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा १०२ को उपदफा (३) बमोजिम सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ।

संवत् २०८३ सालको कार्यविधि संख्या नं. ११

# "एक वडा एक उत्पादन" कार्यक्रम सञ्चालन कार्यविधि, २०८३

## "एक वडा एक उत्पादन" कार्यक्रम सञ्चालन कार्यविधि, २०८३

**प्रस्तावना :** रघुगंगा गाउँपालिका भित्र रहेका प्राकृतिक, भौगोलिक तथा कृषिजन्य स्रोत साधनको अधिकतम उपयोग गरी प्रत्येक वडालाई कुनै एक विशेष कृषि वा उद्योगमा आत्मनिर्भर बनाउन, स्थानीय रोजगारी सिर्जना गर्न, र किसानहरूको आयस्तर वृद्धि गर्न वाञ्छनीय भएकोले,

नेपालको संविधानको धारा २२६ बाट प्रत्याभूति हक अनुसार स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा १०२ बमोजिम रघुगंगा गाउँपालिका ले यो "एक वडा एक उत्पादन कार्यक्रम सञ्चालन कार्यविधि" २०८३ तयार गरी जारी गरिएको छ।

### परिच्छेद — १
### प्रारम्भिक

**१.संक्षिप्त नाम र प्रारम्भ :**(१) यस कार्यविधिको नाम "रघुगंगा गाउँपालिका एक वडा एक उत्पादन कार्यक्रम सञ्चालन कार्यविधि, २०८३" रहनेछ।
२.यो कार्यविधि गाउँ कार्यपालिकाबाट स्वीकृत भएको मितिदेखि लागू हुनेछ।

**२. परिभाषा :**

(क) "गाउँपालिका" भन्नाले रघुगङ्गा गाउँपालिकालाई सम्झनु पर्छ।

(ख) "कार्यविधि" भन्नाले "रघुगङ्गा गाउँपालिका एक वडा एक उत्पादन कार्यक्रम सञ्चालन कार्यविधि, २०८३" लाई सम्झनु पर्छ।

(ग) "अनुदान" भन्नाले यस कार्यविधि बमोजिम सञ्चालन गरिने कार्यक्रमहरूका लागि स्थानीय तहबाट उपलब्ध गराइने नगद रकम र जिन्सी सहायता समेतलाई सम्झनु पर्छ।

(घ) "अनुदानग्राही" भन्नाले सञ्चालित कार्यक्रम अनुसार अनुदान प्राप्त गर्ने कृषक/फर्म/कृषि उद्यमी/कृषक समूह/कृषि सहकारी/उपभोक्ता समितिलाई सम्झनु पर्छ।

(ङ) "कृषक समूह" भन्नाले कृषि पेसामा संलग्न भई मिल्दाजुल्दा समस्या, आवश्यकता र चाहनाहरू भएका न्यूनतम ११ जना वा सोभन्दा बढी व्यक्तिहरू मिली आफ्ना साझा उद्देश्यहरू सामुदायिक प्रयत्नद्वारा प्राप्त गर्न बनाइएको सङ्गठनलाई सम्झनु पर्छ।

(च) "सहकारी" भन्नाले प्रचलित कानुन बमोजिम दर्ता भएको कृषि सम्बन्धी कार्य गर्ने संस्थालाई सम्झनु पर्छ।

(छ) "कृषि फर्म" भन्नाले प्रचलित कानुन अनुसार सम्बन्धित निकायमा दर्ता भएको निजी क्षेत्रका व्यवसायी/उद्यमीको संस्थालाई सम्झनु पर्छ।

(ज) "कृषि उपज" भन्नाले कृषकले नेपालमा उत्पादन गरेका वस्तु तथा त्यसरी उत्पादित वस्तुको प्रारम्भिक रूपमा प्रशोधन गरिएका खाद्यान्न बाली, फलफूल, तरकारी, मसला बाली, पुष्प, च्याउ, मौरी, रेशम, चिया, कफी, कोसेबाली, तेलहन, दलहन, कृषिका सबै उपक्षेत्रगत उत्पादन सम्झनु पर्छ र सो शब्दले औद्योगिक प्रयोजनका लागि प्रयोग हुने कृषिजन्य कच्चा पदार्थ वा वस्तुसमेतलाई जनाउँछ।

(झ) "कृषक" भन्नाले रघुगङ्गा गाउँपालिकाभित्रका कृषि उत्पादनमा प्रत्यक्ष संलग्न भएको व्यक्तिलाई जनाउँछ।

(ञ) "कार्यालय" भन्नाले रघुगङ्गा गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालयलाई सम्झनु पर्छ।

(ट) "शाखा" भन्नाले रघुगङ्गा गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालयअन्तर्गतको कृषि विकास शाखालाई सम्झनु पर्छ।

३. उद्देश्यहरू

१.प्रत्येक वडाको माटो, जलवायु र सम्भावना अनुसार **विशिष्टीकृत उत्पादन** लाई प्रवर्द्धन गर्ने।
२.साना तथा व्यावसायिक किसानहरूलाई अनुदान, प्राविधिक सहयोग र बजार प्रवर्द्धनमा सघाउने।
३.बिचौलियाको अन्त्य गरी कृषकलाई उत्पादनको उचित मूल्य दिलाउने र गाउँपालिकालाई आत्मनिर्भर बनाउने।
४.वैदेशिक रोजगारमा जाने युवाहरूलाई स्थानीय स्तरमै कृषि उद्यममा आकर्षित गर्ने।

## परिच्छेद-२
## वडागत सम्भावित उत्पादन तथा प्राविधिक मापदण्ड

**४. वडागत सम्भावित उत्पादन वर्गीकरण :-** (१) वडा समितिको सिफारिसको आधारमा विशिष्ट बालीहरुको पहिचान गरि कृषि शाखाद्वारा कार्यापालिका समक्ष पेश गरिनेछ।
(२) गाउँ कार्यपालिकाबाट स्वीकृत विशिष्ट बालीहरूको सूचीलाई आधार मानी कार्यक्रम कार्यान्वयन गरिनेछ।
(३) उपदफा (२) बमोजिम कार्यपालिकाद्धारा स्वीकृत विशिष्ट बालीहरुको सूची अनुसूची (१) बमोजिम हुनेछ।

**५. प्राविधिक पक्ष** :- (१) सञ्चालित कार्यक्रमले उत्पादन लागत घटाउने, उत्पादकत्व बढाउने र कृषि यान्त्रीकरण/प्रविधि प्रयोगमा जोड दिनुपर्नेछ।

(२) यो कार्यक्रम दर्तावाला कृषि फर्म, कृषक समूह वा कृषि सहकारी संस्था मार्फत सञ्चालन गरिनेछ।

(३) कार्यक्रम संचालनबाट स्थापना हुने व्यवसायिक फर्मको आकार देहाय अनुसार हुनु पर्ने ।

**(क) फलफुल (हिउँदे र बर्षे )** :- कृषक समुह/सहकारीको हकमा न्युनतम क्षेत्रफल १० रोपनी र कृषि फर्मको हकमा न्युनतम ३ रोपनी क्षेत्रफलमा व्यवसायिक खेती गर्नुपर्ने । उच्च घनत्वमा आधारित फलफुल खेती गर्ने हकमा कृषक समुह/सहकारीको हकमा न्युनतम क्षेत्रफल २ रोपनी र कृषि फर्म कृषि फर्मको हकमा न्युनतम ०.५ रोपनी क्षेत्रफलमा व्यवसायिक खेती गर्नुपर्ने ।

**(ख) तरकारी खेती** :- खुल्ला जमिनमा तरकारी खेती गर्नको लागि कृषि फर्मको हकमा न्युनतम क्षेत्रफल १०० वर्ग मिटरमा संरक्षित संरचना बनाउनु पर्ने र ३ रोपनी क्षेत्रमा र कृषक समुह/सहकारीहरुको हकमा १५० वर्ग मिटरमा संरक्षित संरचना बनाउनु पर्ने र १० रोपनी क्षेत्रफलमा खेती गर्नुपर्ने ।

**(ग) आलु खेती** :- कृषक समुह/सहकारीको हकमा न्युनतम क्षेत्रफल १० रोपनी र कृषि फर्मको हकमा न्युनतम ५ रोपनी क्षेत्रफलमा व्यवसायिक खेती गर्नुपर्ने ।

**(घ) रैथाने/स्थानीय बाली खेती** :- कृषक समुह/सहकारीको हकमा न्युनतम क्षेत्रफल १० रोपनी र कृषि फर्मको हकमा न्युनतम ४ रोपनी क्षेत्रफलमा व्यवसायिक खेती गर्नुपर्ने ।

**(ङ) तोरी खेती** :-कृषक समुह/सहकारीको हकमा न्युनतम क्षेत्रफल १० रोपनी र कृषि फर्मको हकमा न्युनतम ३ रोपनी क्षेत्रफलमा व्यवसायिक खेती गर्नुपर्ने ।

## परिच्छेद — ३
## आर्थिक पक्ष र संचालन हुने क्रियाकलाप

**६.आर्थिक पक्ष** : (१) स्वीकृत कार्यक्रम बजेट परिधिभित्र रही देहायका कार्यहरुमध्ये कुनै एक वा एक भन्दा बढी कार्यका लागि कुल लागतमा पालिकाबाट ७० प्रतिशत र ३० प्रतिशत सहभागी संस्थाहरुको साझेदारीमा कार्यक्रम कार्यान्वयन सकिनेछ ।

क. **फलफुल विस्तार तथा सुदृढिकरण तथा व्यवस्थापन** : कार्यालयले कृषि फर्मको हकमा अधिकत्म रु.२००००/- (अक्षरुपी बिस हजार रुपैयाँ) र कृषक समुहको/सहकारीको हकमा अधिक्तम रु.६००००/- (अक्षरुपी साठी हजार रुपैयाँ) उपलब्ध गराउनेछ।

ख. **खाद्यन्न बाली प्रवर्द्धनको** : कार्यालयले कृषि फर्मको हकमा अधिकत्म रु.२००००/- (अक्षरुपी बिस हजार रुपैयाँ) र कृषक समुहको/सहकारीको हकमा अधिक्तम रु.६००००/- (अक्षरुपी साठी हजार रुपैयाँ) उपलब्ध गराउनेछ।

ग. **आलु खेती** : कार्यालयले कृषि फर्मको हकमा अधिकत्म रु.२००००/- (अक्षरुपी बिस हजार रुपैयाँ) र कृषक समुहको/सहकारीको हकमा अधिक्तम रु.७००००/- (अक्षरुपी सत्तरी हजार रुपैयाँ) उपलब्ध गराउनेछ ।

घ. **तोरी खेतीः** कार्यालयले कृषि फर्मको हकमा अधिकत्म रु.१५०००/-(अक्षरुपी पन्ध्र हजार रुपैयाँ) र कृषक समुहको/सहकारीको हकमा अधिक्तम रु.५००००/- (अक्षरुपी पचास हजार रुपैयाँ) उपलब्ध गराउनेछ ।

ङ. **स्थानीय/रैथानेबाली प्रर्वद्धन खेती** : कार्यालयले कृषि फर्मको हकमा अधिकत्म रु.२००००/- (अक्षरुपी बिस हजार रुपैयाँ) र कृषक समुहको/सहकारीको हकमा अधिक्तम रु.५००००/- (अक्षरुपी पचास हजार रुपैयाँ) उपलब्ध गराउनेछ ।

च. **तरकारी खेतीः कार्यालयले कृषि फर्मको हकमा खुल्ला जमिनमा खेती गर्दा अधिकत्म रु** २५,०००/- वा संरक्षित संरचनाको हकमा प्रविधिकको लागत स्टिमेट बमोजिम र कृषक समूह र कृषि सहकारीको हकमा खुल्ला जमिनमा तरकारी खेती गर्दा अधिकत्तम रु ६०,०००/- वा संरक्षित संरचनाको हकमा प्रविधिकको लागत स्टिमेट बमोजिम कार्यक्रम कार्यान्वयन हुनेछ।

(२) संचालन हुने क्रियाकलापहरु :व्यवसायिक उत्पादनको लागि आवश्यक पर्ने बिउ तथा बेर्ना खरिद, सुक्ष्म तत्व, जैविक/प्राङगारिक मल, कपरपेष्ट (निलोतुथो र चुना), सिकेचर, आरी, भर्याङ, बिषादी स्प्रे गर्ने सामाग्री, थोपा सिचाई ड्रम सहितको सेट , हजारी, प्लाष्टिक मल्चिङ, जैविक/रासायनिक बिषादी, (खनजोत)ज्यामी खर्च, क्रेट, मेटल विन, त्रिपाल, र अन्य सामाग्री खरिद ।

## परिच्छेद — ३ः
## प्रस्ताव मूल्याङ्कन, अनुगमन तथा भुक्तानी

**७. प्रस्ताव मूल्याङ्कन सम्बन्धी व्यवस्थाः**(१) सूचना बमोजिम प्राप्त प्रस्ताव तथा आवेदनहरूको छनौट प्रक्रिया सुपरिवेक्षण तथा अनुगमन समितिद्वारा गरिनेछ।

(२) उपदफा (१) बमोजिमको मूल्याङ्कनका आधारहरू अनुसूची—२ बमोजिम हुनेछन्।

**८. सुपरिवेक्षण तथा अनुगमन समितिः** यस कार्यविधि बमोजिमका कार्यक्रमको अनुगमन तथा सुपरिवेक्षण सम्बन्धी व्यवस्था रघुगंगा गाउँपालिकाको "कृषि विकास कार्यक्रम सञ्चालन कार्यविधि, २०८३" को परिच्छेद—३ को दफा १० को उपदफा (१) र (२) बमोजिम हुनेछ।

**९. भुक्तानी सम्बन्धी व्यवस्थाः** अनुदान तथा प्रोत्साहन रकम भुक्तानी सम्बन्धी प्रक्रिया "कृषि विकास कार्यक्रम सञ्चालन कार्यविधि, २०८३" को परिच्छेद—३ को दफा ११ को उपदफा (१) र (२) बमोजिम हुनेछ।

**१०. दोहोरो सुविधा लिन नपाउनेः** कुनै पनि लाभग्राही वा अनुदानग्राहीले एउटै प्रकृतिको कार्यका लागि दोहोरो सुविधा लिन पाउने छैन। यस सम्बन्धी अन्य व्यवस्था "कृषि विकास कार्यक्रम सञ्चालन कार्यविधि, २०८३" को परिच्छेद—३ को दफा १२ बमोजिम हुनेछ।

**११. असुल उपर हुनेः** (१) यस कार्यविधि बमोजिम अनुदानग्राहीले प्राप्त गरेको अनुदान रकम, भौतिक सामग्री वा भौतिक संरचना सम्बन्धित कार्यमा प्रयोग नगरी अन्यत्र खर्च गरेको वा दुरुपयोग गरेको प्रमाणित भएमा, सो रकम प्रचलित कानून बमोजिम सरकारी बाँकी सरह असुल उपर गरिनेछ।

(२) उपदफा (१) बमोजिम दुरुपयोग भएको सूचना वा उजुरी जुनसुकै माध्यमबाट प्राप्त भएमा अनुगमन समिति वा सम्बन्धित वडा कार्यालयले छानबिन गरी प्रमाणित भएमा असुल उपर गर्न बाधा पर्ने छैन।

## परिच्छेद — ४
## विविध

**१२. जिम्मेवारी सम्बन्धी व्यवस्थाः** (१) कार्यक्रम सञ्चालन गर्दा आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, सार्वजनिक खरिद ऐन, २०६३ र गाउँपालिकाको सार्वजनिक खरिद नियमावली, २०७५ को पालना गरी वित्तीय अनुशासन कायम गर्ने/गराउने तथा गुणस्तरीय कार्य सम्पादनको सुनिश्चितता गर्ने जिम्मेवारी गाउँपालिका र सम्बन्धित शाखाको हुनेछ।

(२) कार्यक्रम सञ्चालनको अवधिमा तथा सम्पन्न भएपश्चात् सोको प्रभावकारिता, उत्पादन वृद्धि र सामाजिक-आर्थिक प्रभावको समय-समयमा अनुगमन तथा सुपरिवेक्षण गर्ने जिम्मेवारी सम्बन्धित कृषि विकास शाखाको हुनेछ।

**१३. बाधा अड्काउ फुकाउ सम्बन्धी व्यवस्थाः** यस कार्यविधि बमोजिमका कार्यक्रम सञ्चालन गर्दा कुनै विषयमा दुविधा वा बाधा अड्काउ परेमा गाउँ कार्यपालिकाले गर्ने निर्णय अन्तिम हुनेछ र सोही बमोजिम बाधा अड्काउ फुकाइनेछ।

**१४. प्रचलित कानून बमोजिम हुनेः** यस कार्यविधिमा उल्लेख गरिएका विषयमा यसै बमोजिम र अन्य विषयमा प्रचलित कानून बमोजिम हुनेछ।

**१५. कार्यविधि संशोधनः** गाउँ कार्यपालिकाको निर्णय बमोजिम यो कार्यविधिमा आवश्यक संशोधन वा थपघट गर्न सकिनेछ।

**१६. खारेजी र बचाउः** (१) रघुगंगा गाउँपालिकाको "कृषि विकास कार्यक्रम सञ्चालन कार्यविधि, २०८२" खारेज गरिएको छ।
(२) खारेज भएको कार्यविधि बमोजिम भए गरेका काम कारबाहीहरू यसै कार्यविधि बमोजिम भए गरेको मानिनेछ।

अनुसूची -१

(दफा (४) को उपदफा (३) बमोजिम संग सम्बन्धित

**विशिष्ट बालीहरुको सूची**

| वडा नं. | मुख्य क्षेत्र/स्थान | प्रस्तावित 'एक वडा एक उत्पादन' |
|---|---|---|
| **वडा नं. १** | बेग | तोरी खेती |
| **वडा नं. २** | भगवती | फलफुल खेती |
| **वडा नं. ३** | पिप्ले/मौवाफाँट | तरकारी खेती |
| **वडा नं. ४** | दग्नाम | कोदो र जौ |
| **वडा नं. ५** | झिँ | जौ र उवा |
| **वडा नं. ६** | पाखापानी | आलु खेती |

| वडा नं. | मुख्य क्षेत्र/स्थान | प्रस्तावित 'एक वडा एक उत्पादन' |
|---|---|---|
| वडा नं. ७ | चिमखोला | कोदो |
| वडा नं. ८ | कुइनेमङ्गले | आलु खेती |

अनुसूची - २

दफा (८) उपदफा (२) संग सम्बन्धित

**प्रस्ताव मूल्याङ्कनका आधारहरु**

जिल्लाः म्याग्दी स्थानीय तहः रघुगङ्गा गाउँपालिका वडा नं.ः

गाउँ/टोलः

आवेदकको नाम, थरः

फर्म/समूह/समिति/सहकारीको नाम, ठेगानाः

सम्पर्क नं.ः

**<u>एक वडा एक उत्पादन कार्यक्रम</u>**

| क्र.स | मूल्याङ्कनका आधारहरु | अंकभार |
|---|---|---|
| १ | **खेती गरिने क्षेत्रफल (उत्पादनको आकार)** | २५ |
| क | व्यवसायको न्यूनतम आकारको लागि **फलफुल (हिउँदे र बर्षे )** :- कृषक समुह/सहकारीको हकमा न्युनतम क्षेत्रफल १० रोपनी र कृषि फर्मको हकमा न्युनतम ३ रोपनी क्षेत्रफलमा व्यवसायिक खेती गर्नुपर्ने, **तरकारी खेती** :- खुल्ला जमिनमा तरकारी खेती गर्नको लागि कृषि फर्मको हकमा न्युनतम क्षेत्रफल ३ रोपनी र १०० वर्गमिटरमा संरक्षित संरचना बनाउनु पर्ने र ३ रोपनी क्षेत्रफलमा र कृषक समुह/कृषि सहकारीहरुको हकमा १५० वर्गमिटर संरक्षित संरचना बनाउनु पर्ने र १० रोपनी क्षेत्रफलमा व्यवसायिक तरकारी खेती गर्नुपर्ने, **तोरी खेती** :- कृषक समुह/सहकारीको हकमा न्युनतम क्षेत्रफल १० रोपनी र कृषि फर्मको हकमा न्युनतम ३ रोपनी क्षेत्रफलमा व्यवसायिक खेती गर्नुपर्ने, **आलु खेती** :-कृषक समुह/सहकारीको हकमा न्युनतम क्षेत्रफल १० रोपनी र कृषि फर्मको हकमा न्युनतम ५ | |

| | | |
|---|---|---|
| | रोपनी क्षेत्रफलमा व्यवसायिक खेती गर्नुपर्ने ,**रैथाने/स्थानीय बाली खेती** :- कृषक समुह/सहकारीको हकमा न्युनतम क्षेत्रफल १० रोपनी र कृषि फर्मको हकमा न्युनतम ४ रोपनी क्षेत्रफलमा व्यवसायिक खेती गर्नुपर्ने, न्युनतम क्षेत्रफल कायम गरियो भने - १५ अंक र थप क्षेत्रफलका लागि न्युनतम आकारमा १० प्रतिशतले वृद्धी गरेमा १ अंकको दरले थप गरी अधिकतम २५ अंक सम्म प्रदान गर्ने। | |
| २ | **सिचाईं सुविधा** | १५ |
| क | सिचाईं सुविधा भएको | १५ |
| ख | सिचाईं सुविधा व्यवस्था गर्न सकिने | १० |
| ३ | **अनुदानको अवस्था** | १५ |
| क | हाल सम्म कुनै पनि अनुदान प्राप्त नगरेको | १५ |
| ख | पछिल्लो दुई आ.व मा सोही प्रकृतिको कार्यका लागि अनुदान प्राप्त/नगरेको | १० |
| ग | पछिल्लो दुई आ.व मा सोही प्रकृतिको कार्यका लागि अनुदान प्राप्त गरेता पनि क्षेत्र/व्यवसाय विस्तार लागि प्रस्ताव पेश गरेकोमा | ५ |
| ४ | **प्रत्यक्ष रोजगारी सिर्जना** | २० |
| क | एकाघरको बाहेक अन्य २ वा २ जना भन्दा बढीलाई रोजगारी दिने | २० |
| ख | एकाघरको बाहेक अन्य १ जनालाई रोजगारी दिने | १५ |
| ग | स्वरोजगार हुने | १० |
| ५ | **प्रस्तावित जग्गाको उपयोग** | १५ |
| क | वर्षैभरी जग्गाको उपयोग हुने | १५ |
| ख | वर्षमा जम्मा ४-८ महिना मात्र जग्गा उपयोग हुने | १० |
| ग | वर्षमा जम्मा एक सिजन मात्र जग्गाको उपयोग हुने | ५ |
| ६ | व्यवसायिक योजना सम्बन्धी प्रस्ताव ( नविनतम सोच, दिगोपना,बजारीकरण लगायतका बिषयहरु तथा स्थलगत अनुगमन प्रतिवेदन समेतका आधारमा प्रस्ताव मूल्याङन गरी १ देखि १० अंकसम्म  प्रदान गर्न सक्ने) | १० |
| | जम्मा | १०० |

आज्ञाले ,
कुलराज पौडेल
प्रमुख प्रशासकीय अधिकृत।